नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : info@nepalbarassociation.org.np
neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np

# मानव अधिकार तथा जनसरोकार समिति

२०८३ साउन १५ गते, शुक्रबार, काठमाडौ ।

सिरहा जिल्लाको गोलबजारमा विभिन्न माग राखि भएको प्रदर्शनका क्रममा मिति २०८३ साउन १४ गते सुरक्षाकर्मीको गोली लागी सिराहा मिर्चेयास्थित तुलसीपुरका अन्दाजी १८ वर्षीय गणेश यादवको मृत्यु भएको तथा अन्य व्यक्तिहरु समेत घाइते भएको घटनाप्रति नेपाल बार एशोसिएशन, मानब अधिकार तथा जन सरोकार समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस दुःखद घटनामा ज्यान गुमाउने मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं । साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना समेत गर्दछौं ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाच्ने हक, समानता, धार्मिक स्वतन्त्रता तथा सुरक्षाको मौलिक हक सुनिश्चित गरेको छ। कुनै पनि परिस्थितिमा हिंसा तथा अत्यधिक बल प्रयोग मानव अधिकारका आधारभूत सिद्धान्त विपरित हुन्छ । आफ्ना मागहरु राखी शान्तिपूर्ण प्रदर्शन भइरहेकोमा राज्यद्धारा गरिएको निर्मम बल प्रयोगप्रति यो समिति गम्भिर चिन्ता ब्यक्त गर्दछ ।

नेपाल सरकार, गृह प्रशासन, नेपाल प्रहरी तथा राष्ट्रिय मानव अधिकार आयोगसँग घटनाको स्वतन्त्र, निष्पक्ष र प्रभावकारी छानबिन गरी सत्य तथ्य सार्बजनिक गर्न, कानून विपरीतका कार्य गर्ने जो सुकै भए पनि कानून बमोजिम कारबाही गर्न तथा पीडित र प्रभावित परिवारलाई उचित राहत, क्षतिपूर्ति, घाइतेहरुके निशुल्क उपचार सहित आवश्यक शान्ति सुरक्षा र जिउ धनको सुरक्षाको सुनिश्चित गर्न जोडदार माग गर्दछौ ।

साथै, तराइ मधेश क्षेत्रमा विस्तारै धार्मिक रुपमा बढ्दै गएको विवादका सन्दर्भमा समयमा नै रोकथामका लागि नेपाल सरकार लगायत मानव अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थालाइ हार्दिक अपिल गर्दै मानब अधिकार संरक्षणका लागि सबै तह र तप्काहरु अत्यन्त संवेदनशील भइ संयमता अपनाइ शान्ति र सदभाव कायम गर्न परिणाममुखि आवश्यक पहल कदमी गर्न समेत हामी तत् तत् निकायहरुसमक्ष हार्दिक अनुरोध गर्दछौ ।

अधिवक्ता किरण न्यौपाने
सदस्य सचिव

नेपाल बार एशोसिएशन
Nepal Bar Association

अधिवक्ता डा. राजेन्द्र घिमिरे
सह संयोजक